# प्रकाशको पुस्तक

*(The Book of Revelation)*

(मिशन समाचार सहित)

लेखकः

रान्को स्टेफानोभिक

भावानुवादकः

भजुराम तखाछें श्रेष्ठ

सेभेन्थ-डे एडभेन्टिस्ट चर्च

सन् २०१८-१९ (बि.सं. २०७५)

ईन्टरनेट वेबसाईट : www.nepalworks.com/bhajupurna
http://www.sabbathschoolpersonalministries.org/article.php?id=78
**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, साबथ स्कुल विभाग**
**सम्पादकः क्लिफोर्ड आर. गोल्डस्टाइन**

प्रथम संस्करण : २०७५ (ई.सं. २०१८-१९)

**कम्प्यूटर लेआउट**
सुजीत कुमार साह

भाषा शुद्धीकरणः धन बहादुर पुलामी

भजुराम श्रेष्ठ, ☎ ९८१३१५४४३२
bhajupurna@gmail.com
(आन्तरिक प्रयोगको निम्ति मात्र)

प्रकाशक
उमेश कुमार पोखरेल
९८४४२२८६०६

यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अंशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अंशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतिले उद्धृत गरिएका छन्। उक्त संस्थाको अनुमतिले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्धृत गरिएका छन्।

# भूमिका

## पात्मोस टापुबाट असल समाचार

पश्चिमी देश ग्रीस र पूर्वी देश टर्कीको बीचमा रहेको एजियन सागरमा एउटा सानो पत्थरैपत्थर भएको टापु छ। दुई हजार वर्ष अघि येशूलाई विश्वास गर्नेहरूलाई सतावटको क्रममा येशूका चेला यूहन्नालाई त्यस टापुमा मरोस भनेर फ्याँकिएको थियो। बयोबृद्ध प्रेरितले पश्चिमी देश रोम सरकारले दिएको अनेकौं यातना भोगेका थिए। रोमको काल कोठरीमा उनलाई अनेकौं कष्ट दिएर थुनिएको थियो। केही गरे पनि नमरेपछि यूहन्नालाई वरिपरि समुद्रको पानीले घेरिएको र सबै सभ्यताबाट अलग्गिएको अनकन्टार कुनै पनि जीव नभएको टापूमा यूहन्नालाई निर्वासित जीवनमै मरोस भनेर तत्कालीन निरङ्कुस र क्रुर रोमको बादशाह डोमिशियनले सन् ९५तिर फ्याँकि दिएका थिए। त्यस्तो कठिन परिस्थितिमा मर्नको लागि कष्ट भोग्दै बाटो हेरिरहेका आफ्नो सेवक यूहन्नालाई साहस दिन एक साबथको दिन प्रभु येशू आफै उनीसँग विशेष भेट गर्न आउनुभएको थियो। त्यो भेट दर्शनद्वारा गरिएको थियो। दर्शनहरूको विभिन्न श्रृङ्खलामा येशूले यूहन्नालाई चर्चको इतिहासको सिंहावलोकन गराउनुभएको थियो। साथै येशूका भक्तहरू जसले उहाँको दोस्रो महिमित आगमनको प्रतीक्षामा रहिरहँदा तिनीहरूले कस्तो अनुभव गर्नेछन् भनेर पनि त्यस दर्शनमा उहाँले यूहन्नालाई देखाउनुभएको थियो। आफूले दर्शनमा देखेका विभिन्न दृश्यहरूलाई यूहन्नाले कागजको मुठ्ठामा लेखेका थिए। त्यसरी लेखिएको मुठ्ठा किताबको नाउँ "येशू ख्रीष्टबाट पाएको प्रकाश वा दर्शन" भनेर दिइएको थियो (प्रकाश १:१)। उनले लेखेका पुस्तकमा येशूको काम तिन प्रकारको भएको उल्लेख गरिएको छ। आफ्नो मानव शरीर त्यागेर स्वर्गमा उत्रिनुहुँदा स्वर्ग र यस पृथ्वीमा उहाँको काम र उहाँको दोस्रो महिमित आगमनमा उहाँले के गर्नुहुनेछ सो दृश्य यूहन्नालाई छर्लङ्ग देखाइएको थियो। येशूले यूहन्नालाई देखाउनुभएका दर्शनहरूको मुख्य दुई लक्ष्य थिएः युगौं युगसम्म येशूका भक्त जनहरूको बीचमा उहाँ हुनुहुनेछ भन्ने उहाँको प्रतिबद्धता र येशू र शैतानको बीचमा भइरहेको महान् विवादले गर्दा पतित भएको संसारमा येशूका भक्त जनहरूले दैनिक रूपमा कस्ता खालका कष्टहरू भोग्नुपर्नेछ।

हामी यस अध्ययन पुस्तकमा भएका विभिन्न विषयबस्तुहरू खोतल्ने प्रयास गर्नेछौं। विषेश गरेर यस पुस्तकमा उल्लेख गरिएको मूल भाग र मूल विषयबस्तुहरूतिर ध्यान दिनेछौं। यस पुस्तकका मूल विषयबस्तुहरू कुन हुन् र के हुन् साथै आफ्ना भक्त जनहरूको निम्ति येशूले चाल्नुभएको कदमहरू हेर्नेछौं। ती कदमहरूमा उहाँको जन्म, जीवन, मृत्यु, पुनरुत्थान र स्वर्गमा

भएको पवित्र मन्दिरमा उहाँको मूल पुरोहितको काम समावेश गरिएका छन्। जब हामी प्रकाशको पुस्तकको अध्ययन गर्नेछौं तब हामी देहायका कदमहरू चालेर अघि बढ्नेछौं।

१. बाइबल कुन प्रेरणाको आधारमा लेखिएको हो भन्ने धारणामा आधारित प्रकाशको पुस्तकको अध्ययन हामी गर्नेछौं। त्यस पुस्तकमा लेखिएका सन्देशहरू परमेश्वरबाटै आएका भएतापनि उक्त पुस्तक मानवीय भाषामा लेखिएका छन्। बुझाउन खोज्ने भाषा र पुरानो करारमा लेखिएको परमेश्वरका जनहरूको इतिहासलाई विभिन्न प्रतीक तथा चित्रणहरू प्रयोग गरेर यूहन्नाले परमेश्वरका सन्देशहरू कसरी हामीलाई दिन खोजेका थिए भनेर हामी यस अध्ययनमा पत्ता लगाउनेछौं।

२. जब हामी प्रकाशको पुस्तक अध्ययन गर्नेछौं तब त्यसलाई होसियारपूर्वक अध्ययन गर्नुपर्छ भनेर हामी विश्वास गर्दछौं। यहाँ उल्लेख गरिएका विभिन्न भविष्यवाणीहरूको अर्थ ऐतिहासिकरूपमा हेरेर तिनीहरूको अर्थ लगाउन खोज्नेछौं।

३. अगमवक्ता यूहन्नाको समयदेखि संसारको अन्तसम्म क्रमरुपमा घट्ने घट्नाहरू भविष्यवाणी गरे अनुसार नै घटेको छ भनेर देखाउने मनशायले यो पुस्तक लेखिएको हो। विश्वको इतिहासमा चलिरहेको र युगको अन्तसम्म चलिरहने विभिन्न घट्नाका प्रवाहहरू भविष्यवाणीमुताविक भइरहेकाछन् भनेर हामी हेर्नेछौं। त्यसले गर्दा प्रकाशको पुस्तकमा लेखिएका शब्दहरूको अर्थ त्यसैमा भेट्टाउने प्रयास हरतरहले गर्नुपर्छ भनेर हामी जिकिर गर्दछौं। कुनै मानवीय अर्थ वा अनर्थ लगाएर वा अरू दर्शनशास्त्रका सोचहरू घुसाएर प्रकाशको पुस्तकको रहस्य खोतल्नु मनासिव हुँदैन।

यस पुस्तकमा लेखिएका भविष्यवाणीहरूलाई व्यवहारिक रूपमा बुझ्नु पर्दछ। त्यसको लागि प्रकाशको पुस्तकको बनौटलाई बुझ्नु धेरै जरुरी छ। प्रकाशको पुस्तकको विश्लेषण वा स्पष्टरुपमा बुझ्न यो पुस्तक रचिएको चार ढाँचाहरू हेर्नेछौं:

अ. प्रकाश १:१देखि ३:२२सम्म चर्चलाई सम्बोधन गरेर लेखिएका छन्। ती चर्चहरूको अवस्था यूहन्नाको समयमा कस्तो थियो भनेर देखाउँछ। तर त्यसबेलाको निश्चित समयको चर्चहरूको अवस्थामात्र होइन इतिहासको विभिन्न कालका चर्चहरू कस्ता थिए भनेर भविष्यवाणीद्वारा सम्बोधन गरिएको थियो भनेर थाहा पाउनेछौं।

आ. प्रकाश ४:१ देखि ११:१९सम्म लेखिएका वचनहरूले चर्चको इतिहासलाई प्रतिबिम्ब गर्दछन्। त्यहाँ विभिन्न महासंहारका घट्नाहरूलाई विभिन्न

प्रतीकहरूले चित्रण गरेका छन्। ती चित्रणहरू एक एक गरेर राम्रोसंघ व्याख्या गरेर जोडिएका छन्।

इ. प्रकाश १२:१देखि १४:२०सम्म लेखिएका विषयबस्तुहरू यस पुस्तकको मूल विषयबस्तुहरू हुन्। यसले येशू यस संसारमा आउनुभन्दा पहिले र उहाँको दोस्रो आगमनमा भएका र भइरहने शैतानसँगको महान् बिवाद वा वैचारिक संघर्षको इतिहासलाई समेट्दछ।

उ. प्रकाश १५:१देखि २२:२१ले विशेष गरेर युगको अन्तको बारेमा चित्रण गरेको हामी हेर्नेछौं।

४. प्रकाशको पुस्तकमा रहेका विभिन्न भविष्यवाणीहरूलाई येशू ख्रीष्टलाई नै केन्द्रविन्दु बनाइएर व्याख्या गर्नुपर्छ। त्यसो गरेमा ती भविष्यवाणीहरूको व्याख्या अर्थमूलक हुन सक्छ। प्रकाशको पुस्तक धेरै प्रतीक र चिन्हहरूले सजिएको छ।

जसले प्रकाशको पुस्तक पढ्छन्, सुन्दछन् र यसमा भएका सल्लाह र वचनहरू पालन गर्दछन् त्यसलाई आशिष दिने प्रतिज्ञाहरू यस पुस्तकमा दिइएका छन्। "प्रकाशको पुस्तकमा भएका सामग्रीहरू बुझ्न र त्यसमा भएका शिक्षालाई पालन गर्न आदेश दिँदै यस पुस्तक सुरू गरिएको छ। परमेश्वर घोषणा गर्नुहुन्छ 'जसले यसमा लेखिएको भविष्यवाणीका वचनहरू पढ्छन् र सुन्छन्, यसमा लेखिएका वचनहरू पालन गर्छन् ती धन्यका हुन् किनभने समय नजिकै छ।' जब हामी विश्वासीहरू एक भएर प्रकाशको पुस्तकको अर्थ बुझ्दछौं तब हामीहरूको बीचमा ठूलो जागरण हुनेछ। यहाँ भएका सबै सामग्रीहरू पूर्ण रूपमा हामी बुझ्न सक्दैनौं। तर यसमा भएका सामग्रीहरूलाई खोजेर अध्ययन गर्न दिइएको आदेशलाई हामीले वेवास्ता गर्नुहुँदैन।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज टु मिनिस्टर्स एण्ड गस्पल वर्कर्स, पृ. ११३बाट रूपान्तरित। जब हामी यस पुस्तकलाई केलाएर पढ्नेछौं तब हामी आफैले यसमा भएका कुराहरू सुन्न, बुझ्न र पालन गर्न हामी आह्वान गर्दछौं। येशूको आगमनको निम्ति पर्खिरहँदा सबैले प्रकाशको पुस्तक पढ्नु जरुरी ठान्नुपर्दछ।

*यस अध्ययन पुस्तकको लेखक रान्को स्टेफानोभिकले बाइबल दर्शनमा पिएच.डी गर्नुभएको छ। उहाँ आन्द्रयुज युनिभर्सिटीको एसडिए थियोलोजिकल सेमिनारीमा नयाँ करारको बारेमा सिकाउने प्रोफेसर हुनुहुन्छ। प्रकाशको पुस्तकको बारेमा उहाँ विशेषज्ञ हुनुहुन्छ।*

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | पात्मोसबाट सुसमाचार | १ |
| २. | सामदानहरूको बीचमा | १७ |
| ३. | सातवटा चर्चहरूको निम्ति येशूका सन्देशहरू | ३५ |
| ४. | परमेश्वरको थुमा योग्यको हुनुहन्छ | ५४ |
| ५. | सातवटा लालमोहरहरू | ७१ |
| ६. | लालमोहरको छाप पाएका परमेश्वरका जनहरू | ९० |
| ७. | सातवटा तुरहीहरू | १०९ |
| ८. | शैतान, हारेको शत्रु | १३३ |
| ९. | शैतान र उसका मतियारहरू | १५३ |
| १०. | परमेश्वरको अनन्तको सुसमाचार | १७२ |
| ११. | अन्तिम सात महामारीहरू | १९१ |
| १२. | बेबिलोनमाथि न्याय | २१९ |
| १३. | "म सबै थोक नयाँ बनाउँछु" | २३७ |

२०१९को प्रथम् त्रिमासिकको साबथ स्कूलको भेटीको उब्रिएको भाग साउथरण-इन्डिएन ओशन डिभिजनमा भइरहेका विभिन्न संरचनाको निम्ति दिइनेछ। यस क्षेत्रमा देहायका देशहरू छन्ः आङ्गोला, बोत्स्वाना, मलावी, मोजाम्बिक, साओ टोम र प्रिन्सिप, दक्षिण अफ्रिका, जाम्बिया, जिम्बावे र सातवटा इन्डियन ओशनका देशहरू जसमा कोमोरो, मडगास्कार, मौरिशियस, मेयोट, रियुनियन, रोड्रिगे र सिशेलस छन्।

यो क्षेत्रमा १९ करोड तिस लाख (१९३ मिलियन) मानिसहरू छन्। तिनीहरूमा सैंतिस लाख वा ३.७ मिलियन एडभेन्टिस्टहरू छन्। त्यसको अर्थ ती क्षेत्रमा रहेका प्रत्येक ५१ जनामा एक जना एडभेन्टिस्टको अनुपातमा छ।

यस त्रैमासिकको भेटी देहायका आयोजनाहरूमा खर्च गरिनेछः मोजाम्बिकमा रहेको मोजाम्बिक एडभेन्टिस्ट विश्वविद्यालयमा रहेको खाना र संतुलित आहारको विभागको विस्तार, एचआइभी र एडस रोगले पीडित भएर आमाबाबु गुमाएका टुहुराहरूको निम्ति अनाथालायको निर्माण र मिलाङ्ग प्रान्तमा प्राथमिक स्कूलको निर्माण र साव टोमे र प्रिन्सिपमाः लागु पदार्थको दुर्व्यसनमा लागेकाहरूको निम्ति स्वार्थ सुधार केन्द्र र स्कूल, साओ टोमेमा नयाँ आराधना भवनको निर्माण, पूर्वप्राथमिकदेखि १२ कक्षासम्म चलेको स्कूलमा सभाभवनको निर्माण।

साथै मोजाम्बिक र साओ टोमे र प्रिन्सिपमा रहेका बालबालिकाहरूको निम्ति पोर्टुग्यिज भाषामा बाइबल उपलब्ध गराउन यस भेटीले सहयोग गर्नेछ।

२०१९को प्रथम् त्रिमासिकको साबथ स्कूलको भेटीको उब्रिएको भाग साउथरण-इन्डिएन ओशन डिभिजनमा भइरहेका विभिन्न संरचनाको निम्ति दिइनेछ। यस क्षेत्रमा देहायका देशहरू छन्: आङ्गोला, बोत्स्वाना, मलावी, मोजाम्बिक, साओ टोम र प्रिन्सिप, दक्षिण अफ्रिका, जाम्बिया, जिम्बावे र सातवटा इन्डियन ओशनका देशहरू जसमा कोमोरो, मडगास्कार, मौरिशियस, मेयोट, रियुनियन, रोड्रिगे र सिशेलस छन्।

यो क्षेत्रमा १९ करोड तिस लाख (१९३ मिलियन) मानिसहरू छन्। तिनीहरूमा सैंतिस लाख वा ३.७ मिलियन एडभेन्टिस्टहरू छन्। त्यसको अर्थ ती क्षेत्रमा रहेका प्रत्येक ५१ जनामा एक जना एडभेन्टिस्टको अनुपातमा छ।

यस त्रैमासिकको भेटी देहायका आयोजनाहरूमा खर्च गरिनेछ: मोजाम्बिकमा रहेको मोजाम्बिक एडभेन्टिस्ट विश्वविद्यालयमा रहेको खाना र संतुलित आहारको विभागको विस्तार, एचआइभी र एडस रोगले पीडित भएर आमाबाबु गुमाएका टुहुराहरूको निम्ति अनाथालायको निर्माण र मिलाङ्ग प्रान्तमा प्राथमिक स्कूलको निर्माण र साव टोमे र प्रिन्सिपमाः लागु पदार्थको दुर्व्यसनमा लागेकाहरूको निम्ति स्वार्थ सुधार केन्द्र र स्कूल, साओ टोमेमा नयाँ आराधना भवनको निर्माण, पूर्वप्राथमिकदेखि १२ कक्षासम्म चलेको स्कूलमा सभाभवनको निर्माण।

साथै मोजाम्बिक र साओ टोमे र प्रिन्सिपमा रहेका बालबालिकाहरूको निम्ति पोर्टुग्यिज भाषामा बाइबल उपलब्ध गराउन यस भेटीले सहयोग गर्नेछ।

## अस्थायी पाना

<u>सुझाव:</u> त्रैमासिक अध्ययन चैत्र १५, २०७५ (मार्च २९, २०१९) पछि आफ्नो इच्छा अनुसार यो पाना च्याति दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखि शुक्रबार बेलुकासम्मको अध्ययन तिथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात साबथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | पुस १४-२० (डिसेम्बर २९-जनवरी ४) |
| २ | अध्याय २ | पुस २१-२७ (जनवरी ५-११) |
| ३ | अध्याय ३ | पुस २८- माघ ४ (जनवरी १२-१८) |
| ४ | अध्याय ४ | माघ ५-११ (जनवरी १९-२५) |
| ५ | अध्याय ५ | माघ १२-१८ (जनवरी २६-फेब्रुअरी १) |
| ६ | अध्याय ६ | माघ १९-२५ (फेब्रुअरी २-८) |
| ७ | अध्याय ७ | माघ २६-फागुन ३ (फेब्रुअरी ९-१५) |
| ८ | अध्याय ८ | फागुन ४-१० (फेब्रुअरी १६-२२) |
| ९ | अध्याय ९ | फागुन ११-१७ (फेब्रुअरी २३-मार्च १) |
| १० | अध्याय १० | फागुन १८-२४ (मार्च २-८) |
| ११ | अध्याय ११ | फागुन २५-चैत्र १ (मार्च ९-१५) |
| १२ | अध्याय १२ | चैत्र २-८ (मार्च १६-२२) |
| १३ | अध्याय १३ | चैत्र ९-१५ (मार्च २३-२९) |